नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

भक्तपुर

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८३ श्रावण -२०८३ असोज



सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

जिल्ला प्रशासन कार्यालय, भक्तपुर

प्रशासकिय अधिकृत

स्वत: प्रकाशन (Proactive Disclosure) तयारीमा संलग्न पदाधिकारीहरू

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भक्तपुर



बिनोद कुमार खड्का
प्रमुख जिल्ला अधिकारी



लक्ष्मीदेवी शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी

प्रशासकिय अधिकृत

स्वत: प्रकाशन
(Proactive Disclosure)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भक्तपुर

नेपालको संविधानको धारा २७ मा रहेको सूचनाको हक तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशन गर्नु पर्ने व्यवस्था रहेको छ। यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षकहरू उल्लेख रहेका छन्।

यसै कानूनी व्यवस्थाको पालनाका साथै जिल्लामा नेपाल सरकारको प्रतिनिधिका रुपमा रहेको जिल्ला प्रशासन कार्यालयले गरेका काम कारबाहीहरूको यथार्थ जानकारी आम नागरिकहरूमा होस् भन्ने अभिप्रायका साथ यस कार्यालयबाट आ.व. २०८३/८४ को पहिलो त्रैमासिकमा सम्पादन भएका कामको विवरण यहाँ प्रस्तुत गरिएको छ।

जिल्ला प्रशासन कार्यालय, भक्तपुर

मिति: २०८३ असोज

प्रशासकिय अधिकृत

विषय सूची

१. जिल्लाको सामान्य परिचय १

२. जिल्लाको वस्तुस्थिति ..... Error! Bookmark not defined.

३. कार्यालयको सङ्क्षिप्त परिचय १

४. मूल ध्येय (Vision) ४

५. जिल्ला प्रशासन कार्यालयको उद्देश्य ४

६. जिल्ला प्रशासन कार्यालय, भक्तपुरको संगठन संरचना ५

७. कार्यालयको काम, कर्तव्य र अधिकार: ६

८. कार्यालयबाट प्रदान गरिने सेवा ८

९. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी ३१

१०. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि: ३२

११. निवेदन, उजुरीउपर निर्णय गर्ने प्रक्रिया र अधिकारी ३२

१२. निर्णय उपर उजुरी सुन्ने अधिकारी: ३२

१३. सम्पादन गरेका कामको विवरण (२०८३ बैशाख देखि असार मसान्तसम्म) ३२

१४. सूचना अधिकारीको नाम र पद: ३४

१५. ऐन, नियम, विनियम वा निर्देशिकाहरूको सूची: ३५

१६. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण: ३५

१७. तोकिए बमोजिमका अन्य विवरण: ३५

१८. अघिल्लो आ.व. मा सञ्चालित कार्यक्रमहरू: ३६

१९. सार्वजनिक निकायको वेवसाइट: ३६

२०. प्राप्त वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण: ३६

२१. कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली: ३७

२२. कार्यालयमा परेका सूचना माग सम्बन्धी निवेदन: ३७

२३. जिल्ला प्रशासन कार्यालयबाट भएका प्रकाशनहरू: ३७

नेपाल सरकार

गएह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

भक्तपुर

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३)/नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

१. जिल्लाको सामान्य परिचय

ऐतिहासिक तथा सांस्कृतिक वैभवले प्रसिद्ध भक्तपुर जिल्ला नेपालको सबैभन्दा सानो जिल्लाको रुपमा रहेको छ। यसको क्षेत्रफल ११९ वर्ग कि.मी. रहेको छ। भक्तपुर जिल्ला प्राचीन वास्तुकला र गौरवमय संस्कृतिको अभूतपूर्व समायोजनले सुसज्जित कला नगरी हो। भौगोलिकरुपमा हेर्दा यस जिल्लाको उत्तर र पश्चिम सिमाना मनोहरा नदी, पूर्वमा महादेवखरी डाँडाको श्रृङ्खला, दक्षिणमा सूर्यविनायकको पहाडी खण्ड रहेको छ। यस जिल्लाको पूर्व र पूर्व-दक्षिणमा काभ्रेपलाञ्चोक जिल्ला पर्दछ भने उत्तर र पश्चिममा काठमाडौं र पश्चिम दक्षिणमा ललितपुर जिल्ला रहेको छ। ४ (चार) नगरपालिका रहेको यस जिल्लामा ३१३ कि.मि. सडक सञ्जाल रहेको छ। भक्तपुर र ठिमी नगरमा नेवारी समुदायको बसोबास रहेको छ भने काठ क्षेत्र र नयाँ बस्ती क्षेत्रमा सबै जात जाति र धर्मालम्बीहरुको बसोबास रहेको छ। यस भक्तपुर जिल्लामा हुन सक्ने बन्द, हड्ताल, चक्काजाम, तोडफोड तथा असामाजिक क्रियाकलापहरु तथा गतिविधिलाई नियन्त्रण गरी आम नागरिकहरुमा शान्ति सुरक्षाको प्रभावकारी प्रत्याभूति दिलाउन संयुक्तरुपमा जिल्लास्थित कार्यरत ४ (चार) वटै सुरक्षा निकायलाई आवश्यक परिचालन गरी एकीकृत सुरक्षा योजना निर्माण गरी आम नागरिकहरुलाई भरपर्दो सुरक्षाको प्रत्याभूतिको व्यवस्था मिलाइएको छ।

१.१ भौगोलिक अवस्था

सि.नं.	विवरण	
१.	अक्षांश, देशान्तर	८५°२१' देखि ८५°३२' पूर्वी देशान्तरसम्म र २७°३६' देखि २७°४४' उत्तरी अक्षंशसम्म
२.	सिमाना	पूर्वमा काभ्रेपलाञ्चोक, पश्चिम र उत्तरमा काठमाण्डौ र दक्षिणमा ललितपुर जिल्ला
३.	क्षेत्रफल	११९ वर्ग कि.मि.
४.	औसत लम्बाई र चौडाई	पूर्व पश्चिम लम्बाई १६ कि.मि. र उत्तर दक्षिण चौडाई ११.२ कि.मि.

५.	भौगोलिक विभाजन	सुर्यविनायक न.पा., चाँगनारायण न.पा., भक्तपुर न.पा., मध्यपुर थिमी न.पा
६.	प्रमुख नदी, नाला तथा खोला	मनोहरा खोला, हनुमन्ते खोला, खर्स्याङ खोला,
७.	प्रमुख धार्मिक स्थल	पाँचतले मन्दिर, चाँगुनारायण मन्दिर, डोलेश्वर महादेव मन्दिर, शिद्धीकाली मन्दिर, दत्तात्रय मन्दिर, नीलबाराही मन्दिर, सूर्यविनायक गणेश मन्दिर
८.	प्रमुख पर्यटकीय स्थल	भक्तपुर दरबार स्क्वायर, नगकोट क्षेत्र, चाँगुनारायण मन्दिर, साँगा क्षेत्र, मुहान पोखरी
९.	जनसंख्या	४,३२,१३२ (२,१८,४१८ पुरुष, २,१३,७१४ महिला)
	घरधुरी संख्या	१,०८,५०३(३.९८ व्यक्ति/घरधुरी)
१०.	जनघनत्व	३,६७१ व्यक्ति वर्ग कि.मि
	जनसंख्या बृद्धिदर	३.३५%
११.	कृषि भूमि	१९.२०५ हेक्टर (४६.६%), कृषियोग्य ५४०० हेक्टर (११.६%),
१२.	वनक्षेत्र	९६४८ हेक्टर (१०.६९%), झाडी, मैदान, बुट्यान ४४७० हेक्टर (१०.६९%)
१३.	अरलो स्थान	चाँगुनारायण न.पा-६ नगरकोट हाइट
१४.	औषत वर्षा	५६ मिलिमिटर
१५.	हावापानी	समशितोष्ण
१६.	तापक्रम	३२ देखि माइनस २ डिग्री सेल्सीयस
१७.	साक्षरता दर	८८%

१.२ राजनीतिक विभाजन


सि.नं.	विवरण	
१	प्रतिनिधिसभा निर्वाचन क्षेत्र संख्या	२
२	प्रदेशसभा निर्वाचन क्षेत्र संख्या	४
३	स्थानीय तह	४
४	कुल मतदाता	जम्मा २०५४१० जना (पुरुष १००१४० जना,महिला १०५२६५ जना र अन्य ५)

१.३ सामाजिक तथा आर्थिक अवस्था

सि.नं.	विवरण	
१.	प्रमुख धर्म	हिन्दु(८६.४%), बौद्ध (९.९%), क्रिष्चियन(२.०%), मुस्लिम(०.५%), किरात(१.१%), अन्य(०.१%)
२.	प्रमुख जातजाति	नेवार ३५.६%, क्षेत्री २१.९%, बाहुन १७.२%, तामाङ १०.४%, मगर ३%, अन्य ११.९%
३.	प्रमुख भाषा/ भाषि	नेपाली(५०.७%), नेवार(३२.७%), तामाङ(९.५%), मैथिली(१.५%), मगर(१.४%), राई (०.८%), अन्य(३.४%)

४.	प्रमुख जात्रा/ पर्व	बिस्केट जात्रा, सिन्दुरे जात्रा, गाई जात्रा, जिम्मा छेड्ने जात्रा
५.	आर्थिक अवस्था	कृषि (५७.३%), निर्माण (८.१%), व्यापार (१२.५%), वित्तिय कारोबार (१.०९%), उत्पादन (३.८%), अन्य (१७.२१%)
६.	साक्षरता दर	८८% (पुरुष ९४.१%, महिला ८१.७%)

१.४ भक्तपुर जिल्लाको नक्सा



Source:
Topographic Sheets, Survey Department 1999
Ministry of Federal Affairs and Local Development

२. कार्यालयको सङ्क्षिप्त परिचय

२००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव पश्चात् एवं विकेन्द्रित प्रशासनको आवश्यकता महसुस गरी वडा हाकीमहरूको नियुक्ति भएको पाइन्छ । यसै क्रममा गढी, गौडा र गोश्वाराको रुपमा गृह प्रशासनको कार्य संचालन भएको थियो । नेपालको संविधान २०१९ अनुसार नेपाल अधिराज्यलाई १४ अञ्चल, ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजन गरियो । स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्थाअनुरुप सञ्चालन गर्न तथा शान्ति र सुव्यवस्थालाई प्रभावकारीरुपमा सञ्चालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागू गरियो । उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुरुप यस जिल्लामा पनि जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो। हाल यसको कार्यालय जिल्ला भक्तपुर, भक्तपुर नगरपालिका वडा नं. ३, दरबार स्क्वायरमा रहेको छ।

वि.स. २०७२ सालमा जारी भएको नेपालको संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण गरी राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरेको छ। जिल्ला

प्रशासन कार्यालय नेपालको संविधानको अनुसूची-५ मा रहेका संघको अधिकार सूचीमा रहेका विषयमा सेवा प्रवाह गर्ने संघीय सरकारको महत्वपूर्ण प्रतिनिध संस्था हो । प्रदेश र स्थानीय तहले पूर्ण रुपमा आफ्नो अधिकार प्रयोग गर्ने अवस्थामा नपुगुन्जेल जिल्लाका सबै कार्यालयहरू बीच आबश्यक समन्वय गराउने नेतृत्वदायी निकायको रुपमा जिल्ला प्रशासन कार्यालय क्रियाशील हुँदै आएकोछ। तोकिएको जिम्मेवारी बाहेक अन्य क्षेत्रमा नसमेटिएको सबै क्षेत्रहरू समेतमा यसको भूमिका रहने हुँदा बहुआयामिक निकायको रुपमा समेत यो कार्यालय पर्दछ।

२. मूल ध्येय (Vision)

मुलुकमा शान्ति, सुव्यवस्था र अमनचयन कायम राख्दै शान्त र सुशासनयुक्त समाजको स्थापन गरी समृद्ध नेपाल, सुखी नेपाली को साझा राष्ट्रिय आकांक्षालाई साकार तुल्याउने।

३. जिल्ला प्रशासन कार्यालयको उद्देश्य

जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धनको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको प्रमुख उद्देश्य रही आएको छ। यसका साथै जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गर्ने समेतका उद्देश्यहरु रहेका छन्।

प्रशासकिय अधिकृत

४. जिल्ला प्रशासन कार्यालय, भक्तपुरको संगठन संरचना

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भक्तपुर

प्रमुख जिल्ला अधिकारी
रा. प. प्रथम, प्रशासन-१

निजी सहायक (रा.प.अनं प्र.,प्र.सा.प्र) ना.सु.-१
ह.स.चा. श्रेणी विहिन- १, -१, का.स. श्रेणी विहिन- १

सहायक प्रमुख जिल्ला अधिकारी
रा.प. द्वितिय, प्र.सा.प्र.-१

प्रशासकीय अधिकृत (रा.प.तृतीय), प्र.सा.प्र.-२

स्थानीय प्रशासन तथा शा.सु. शाखा
ना.सु ,प्र.,सा.प्र.,रा.प.अनं.प्र-२
क.अ.,विविध, रा.प.अनं.प्र १
खरिदार,,प्र.,सा.प्र.,रा.प.अनं.द्वि.- १
का.स.,श्रेणी विहिन- १
ह.स.चा. श्रेणी विहिन- १

नागरिकता तथा प्रतिलिपि शाखा
ना.सु ,प्र.,सा.प्र. रा.प.अनं.प्र -१
क.अ.,विविध, रा.प.अनं.प्र १
खरिदार,,प्र.,सा.प्र.,रा.प.अनं.द्वि.- १
का.स.,श्रेणी विहिन- १

आर्थिक प्रशासन शाखा
ले.पा.,प्र.,लेखा,रा.प.अनं.प्र.- १
का.स.,श्रेणी विहिन- १

प्रशासकीय अधिकृत (रा.प.तृतीय), प्र.सा.प्र. -२

राहदानी तथा जिन्सी दर्ता शाखा
ना.सु ,प्र.,सा.प्र. रा.प.अनं.प्र -१
खरिदार,,प्र.,सा.प्र.,रा.प.अनं.द्वि.- १
का.स.,श्रेणी विहिन- १

गुनासो सुनुवाइ तथा अभिलेख व्यवस्थापन शाखा
ना.सु ,प्र.,सा.प्र. रा.प.अनं.प्र -१
खरिदार,,प्र.,सा.प्र.,रा.प.अनं.द्वि.- १
का.स.,श्रेणी विहिन- १

मुद्दा तथा हातहतियार शाखा
ना.सु ,प्र.,सा.प्र. रा.प.अनं.प्र -१
का.स.,श्रेणी विहिन- १

दरबन्दी विवरण

राजपत्राङ्कित प्रथम	:	१
राजपत्राङ्कित द्वितीय	:	१
राजपत्राङ्कित तृतीय	:	३
राजपत्र अनंकित प्रथम(प्रशासन)	:	११
राजपत्र अनंकित प्रथम(विविध)	:	२
~~राजपत्र अनंकित प्रथम~~		

प्रशासकीय अधिकृत

दरबन्दी विवरण

राजपत्राङ्कित प्रथम	:	१
राजपत्राङ्कित द्वितीय	:	१
राजपत्राङ्कित तृतीय	:	४
राजपत्र अनंकित प्रथम(प्रशासन)	:	११
राजपत्र अनंकित प्रथम(विविध)	:	२
राजपत्र अनंकित प्रथम(लेखा)	:	१
राजपत्र अनंकित द्वितीय	:	४
राजपत्र अनंकित द्वितीय विविध		१
हलुका सवारी चालक	:	२
कार्यालय सहयोगी	:	१०
हवलदार		२
फा.मे.सी.		२१
भा.स.चा.		४
किलिण्डर		२
जम्मा दरबन्दी	:	६६

५. कार्यालयको काम, कर्तव्य र अधिकारः

कार्यालयले लिएका उद्देश्यहरू प्राप्त गर्ने सन्दर्भमा जिल्ला प्रशासन कार्यालयका काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम रहेका छन्:-

- जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने,
- आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन गर्ने,
- जिल्लास्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गर्ने,
- राष्ट्रिय अनुसन्धानसँगको समन्वयमा सूचना सङ्कलन र विश्लेषण गर्ने,
- जिल्ला सुरक्षा प्रमुखको रुपमा कार्य गर्ने,
- वंशजको आधारमा नेपाली नागरिकता वितरण गर्ने,
- वैवाहिक अंगीकृत नागरिकता (महिलाका लागि) वितरण गर्ने,
- नागरिकताको प्रतिलिपि प्रदान गर्ने,
- राहदानी सिफारिस तथा वितरण गर्ने,
- कानून बमोजिम तोकिएअनुसार विभिन्न मुद्दाको शुरु कारवाही र किनारा गर्ने,
- जिल्लास्थित कारागारको व्यवस्थापन गर्ने,
- गैरसरकारी संस्था दर्ता, नवीकरण र नियमन गर्ने,
- पत्रपत्रिका तथा छापाखाना दर्ता गर्ने,
- नाबालक परिचयपत्र जारी गर्ने,
- जिल्लामा रहेका शरणार्थीहरूको लगत राख्ने, शरणार्थी परिचयपत्र नबिकरण गर्ने,
- शरणार्थीहरूका लागि यात्रा अनुमति पत्र सिफारिस गर्ने,
- विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन गर्ने,

प्रशासकीय अधिकृत

- जिल्ला भित्र हुने विभिन्न कार्यक्रमको अनुमति एवम् उत्सवहरूमा सुरक्षा व्यवस्था मिलाउने,
- निजी सुरक्षा कम्पनीको दर्ता, नवीकरण एवम् पुनःकार्यसञ्चालन अनुमति दिने,
- ड्रोन क्यामेरा (UAV/Drone) उडानको अनुमति दिने,
- जिल्लामा जडान भएका व्यक्तिगत, संस्थागत र सार्वजनिक प्रयोजनका CCTV क्यामेराको लगत राख्ने र सो सम्बन्धी वार्षिक प्रतिवेदन गृह मन्त्रालयमा पेश गर्ने,
- भारतीय तथा ब्रिटिश सेनामा कार्य गरी निवृत भएका व्यक्ति तथा तिनीहरूको परिवारको नाम, थर, उमेर फरक परेको विषयमा सिफारिस लगायत अन्य सिफारिस सम्बन्धी कार्य गर्ने,
- विस्फोटक पदार्थ सिफारिस र नियमन गर्ने,
- रासयानिक पदार्थ आयातको सिफारिश गर्ने,
- सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन गर्ने,
- हातहतियार र खरखजानाको इजाजत सम्बन्धी सिफारिश र नियन्त्रण गर्ने,
- शान्ति सुरक्षाको लागि प्राप्त निवेदन उपर कारवाही गर्ने,
- गुनासो तथा ठाडो उजुरीको सम्बोधन गर्ने,
- आदिवासी जनजाति सिफारिश गर्ने,
- जिल्लाभित्र रहेका नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने,
- विपद् व्यवस्थापन गर्ने,
- भ्रष्टाचार नियन्त्रण गर्ने,
- कल्याण धन र बेवारिसी धनको व्यवस्थापन गर्ने,
- चिट्ठा, जुवा आदिको नियन्त्रण गर्ने,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण गर्ने,
- लागूऔषध नियन्त्रण गर्ने,
- पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस गर्ने,
- कार्यालय निरीक्षण तथा अनुगमन गर्ने,
- स्थानीय प्रशासनको सञ्चालन गर्ने,
- द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण गर्ने,
- निर्वाचनसम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन गर्ने,
- मुआब्जा निर्धारण तथा वितरण गर्ने,
- आयोजना निर्माणमा सहजीकरण तथा समन्वय गर्ने,
- जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग र समन्वय गर्ने,
- जिल्ला स्थित संघ, प्रदेश मातहतमा रहने कार्यालयहरू विच समन्वय गर्ने,
- जिल्ला स्थित स्थानीय तहहरू विच समन्वय गर्ने, कार्यसम्पादनमा सहयोग गर्ने ।

प्रशासकिय अधिकृत

६. कार्यालयबाट प्रदान गरिने सेवा

यस कार्यालयबाट प्रदान गरिने सेवाहरू कार्यालयको नागरिक बडा पत्रमा उल्लेख भए बमोजिम रहेका छन्।

जिल्ला प्रशासन कार्यालय, भक्तपुरको नागरिक बडापत्र

नयाँ नागरिकता शाखाबाट प्रदान हुने सेवा

महत्वपूर्ण जानकारी

- सेवाग्राहीले निवेदन र फारम वाहेक आव श्यक कागजातका छाँयाप्रति पेश गर्नुपर्ने छ र Verify गर्ने प्रयोजनका लागि ती कागजातका सक्कल लिइ आउनुपर्ने छ।
- नावालक परिचयपत्र लिएका निवेदकले राहदानी र सक्कलै नावालक परिचयपत्र पेश गर्नुपर्ने छ।
- नेपाली राहदानीमा विदेश गई विदेशी राहदानी प्रयोग गरी आएका व्यक्तिले सनाखत गर्न सक्ने छैन । यस्ता व्यक्तिले विदेशी नागरिकता त्याग गरेमा मात्र नेपाली नागरिकताको कारवाही अगाडि वढ्ने छ।
- नागरिकता वनाउने कार्यका लागि थप कुनै व्यहोरा विवरण बुझ्नुपर्ने भएमा स्थानीय तह वा प्रहरी सर्जमिन लगायत बुझ्न सकिने छ।
- आवश्यकता अनुसार अन्य जिल्लाको नागरिकताको अभिलेख यसै कार्यालयको CMIS प्रणालीमा हेरिने वा इमेल वा फ्याक्स मार्फत झिकाइनेछ।

सि न	सेवा सुविधाहरुको विवरण	कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु	लाग्ने शुल्क	लाग्ने समय	फाँट, कोठा नं. र जिम्मेवार कर्मचारी	गुनासो सुन्ने अधिकारी	कैफियत
१	वंशज नागरिकता (बाबु आमाको नागरिकता यसै जिल्लाको भएको)	१) नागरिकता वनाउने मितिमा १६ वर्ष उमेर पूरा भएको हुनुपर्ने। २) फोटो समेत प्रमाणित गरी सम्बन्धित गा.पा./न.पा.बाट सिफारिस भएको अनुसूची १ फाराम। ३) जन्म दर्ता, शैक्षिक प्रमाणपत्र र बावु आमाको नेपाली नागरिकता प्रमाणपत्र।	निवेदनमा रु.१०/-को टिकट	प्रमाण पूरा भएकै दिन	नागरिकता फाँट कोठा नं.१८ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./ प्र.जि.अ.	

सि न	सेवा सुविधाहरुको विवरण	कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु	लाग्ने शुल्क	लाग्ने समय	फाँट, कोठा नं. र जिम्मेवार कर्मचारी	गुनासो सुन्ने अधिकारी	कैफियत
		४) हालसालै खिचिएको अटो साइजको फोटो १ र पासपोर्ट साइजको १ भक्तपुर प्रति। ५) नाता खुल्ने एकाघरको/वंशजतर्फका तीन पुस्ताभित्रका व्यक्तिले सनाखत गर्नु पर्ने र निजको नागरिकता। ६) सनाखत गर्नेसंग नागरिकतामा नाम/नाता नखुलेको हकमा नाता प्रमाणित। ७) बाबु वा आमाको मृत्यु भएकोमा मृत्यु दर्ता प्रमाण पत्र।					
२	विवाहित महिला (वंशज नागरिकता)	**सि.नं. १ मा उल्लेखित साथै देहायका कागजात** १) विवाह दर्ता प्रमाणपत्र / नाता प्रमाणित, पतिको नागरिकता र माईती तर्फको वंश खुल्ने अभिभावकको नागरिकता। २) पति वा पतिको एकाघरका व्यक्तिबाट सनाखत गर्नुपर्ने र निजको नागरिकता प्र.प.। ३) पतिको मृत्यु भएको भए मृत्यु दर्ता प्रमाणपत्र।	निवेदनमा रु.१०/-को टिकट	प्रमाण पूरा भएकै दिन	नागरिकता फाँट कोठा नं.१८ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./ प्र.जि.अ.	
३	बसाई सराई गरी आउने (वंशज नागरिकता)	**सि.नं. १ मा उल्लेखित साथै देहायका कागजात** १) बसाई सराई प्रमाणपत्र, जग्गाधनी प्रमाण पूर्जा, २) स्थायी बसोबासको सिफारिश वा घर सम्पन्न वा निर्माण स्वीकृति, ३) बिजुली वा धारा पानीको बिल वा मतदाता परिचयपत्र। ४) विवाह गरी आएका महिलाको हकमा सि.नं. २ का कागजात समेत ।	निवेदनमा रु.१०/-को टिकट	प्रमाण पूरा भएकै दिन	नागरिकता फाँट कोठा नं.१८ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./ प्र.जि.अ.	
४	कर्मचारी परिवार (वंशज नागरिकता)	**सि.नं. १ मा उल्लेखित साथै देहायका कागजात** १) यस जिल्लामा कार्यरत सरकारी स्थायी कर्मचारी, सरकारी संस्थान, विश्वविद्यालय वा सामुदायिक विद्यालयमा कार्यरत स्थायी कर्मचारी/शिक्षकले संकेत नम्बर खुलेको कर्मचारी परिचयपत्र ।	निवेदनमा रु.१०/-को टिकट	प्रमाण पूरा भएकै दिन	नागरिकता फाँट कोठा नं.१८	स.प्र.जि.अ./ प्र.जि.अ.	

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय भक्तपुर

प्रशासकिय अधिकृत

सि न	सेवा सुविधाहरुको विवरण	कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु	लाग्ने शुल्क	लाग्ने समय	फाँट, कोठा नं. र जिम्मेवार कर्मचारी	गुनासो सुन्ने अधिकारी	कैफियत
		२) सम्बन्धित कार्यालयको सिफारिश पत्र (सक्कल)। ३) सम्बन्धित गा.पा./न.पा.बाट सिफारिश भएको अनुसूची फारम २ प्रतिको नागरिकताको विवरण पठाउने पत्र र फोटो ३ थान			फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत		
५	पितृत्व मातृत्वको ठेगान नभएको व्यक्तिलाई नागरिकता	१) फोटो समेत प्रमाणित गरी सम्बन्धित गा.पा./न.पा.बाट सिफारिस गरिएको अनुसूची–१ फाराम। २) नेपाल सरकारबाट स्वीकृत प्राप्त बाल मन्दिर वा संघसंस्था वा अनाथालयको संरक्षणमा हुर्केको भए त्यस्तो संस्थाको सिफारिस र सो संस्थाको प्रमुखबाट सनाखत र निजको नागरिकता प्र.प. ३) कुनै व्यक्ति विशेषले प्रचलित कानून बमोजिम संरक्षकत्व प्राप्त गरी पालनपोषण गरेको भए सो को प्रमाण सहित संरक्षकले सनाखत गर्नुपर्ने ।	निवेदनमा रु.१०/-को टिकट	प्रमाण पूरा भएकै दिन	नागरिकता फाँट कोठा नं.१८ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत/स.प्र.जि.अ .	स.प्र.जि.अ./ प्र.जि.अ.	
६	बाबु आमाको सम्बन्ध विच्छेद भएका सन्तानको नागरिकता	१) फोटो समेत प्रमाणित गरी सम्बन्धित गा.पा./न.पा.बाट सिफारिस गरिएको अनुसूची–१ फाराम। २) जन्म दर्ता, शैक्षिक प्रमाणपत्र, सम्बन्ध विच्छेद प्रमाणपत्र ३) बाबुले वा बाबुको वंशजतर्फका तीन पुस्ताभित्रका व्यक्तिले सनाखत गर्नु पर्ने र निजको नागरिकता ।	निवेदनमा रु.१०/-को टिकट	प्रमाण पूरा भएकै दिन	नागरिकता फाँट कोठा नं.१८ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत/स.प्र.जि.अ .	स.प्र.जि.अ./ प्र.जि.अ.	
७	कुमारी आमाको सन्तानको नागरिकता	१) फोटो समेत प्रमाणित गरी सम्बन्धित गा.पा./न.पा.बाट सिफारिस गरिएको अनुसूची–१ फाराम। २) जन्मदर्ता, शैक्षिक प्रमाणपत्र (बाबुको नाम उल्लेख नभएको हुनुपर्ने) । ३) बाबु नखुलेको भनी सम्बन्धित गा.पा./न.पा.को प्रमाणित । ४) आमाले सनाखत गर्नुपर्ने ।	निवेदनमा रु.१०/-को टिकट	प्रमाण पूरा भएकै दिन	नागरिकता फाँट कोठा नं.१८ फाँटवाला ना.सु. र प्रशासकीय	स.प्र.जि.अ./ प्र.जि.अ.	

सि न	सेवा सुविधाहरुको विवरण	कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु	लाग्ने शुल्क	लाग्ने समय	फाँट, कोठा नं. र जिम्मेवार कर्मचारी	गुनासो सुन्ने अधिकारी	कैफियत
		ऐन तर्जुमाको अवस्थामा रहेकोले ऐन पारित भएपछि सोही बमोजिम हुने			अधिकृत/स.प्र.जि.अ .		
८	जन्मका आधारमा नागरिकता पाएका नागरिकका सन्तानको नागरिकता	१) सि.नं. १ मा उल्लेखित प्रकृया पूरा गर्नुपर्ने । *ऐन तर्जुमाको अवस्थामा रहेकोले ऐन पारित भएपछि सोही बमोजिम हुने ।*					
९	वैवाहिक अंगिकृत (नेपाली संग विवाह गरेकी विदेशी महिला)	१) फोटो समेत प्रमाणित गरी सम्बन्धित गा.पा./न.पा.बाट सिफारिश गरिएको अनुसूची–७ फाराम । २) विवाह दर्ता प्रमाण, जन्मदर्ता, शैक्षिक प्रमाणपत्र, सम्बन्धित देशको पहिचान खुल्ने निस्सा (नागरिकता/Voter ID/दुतावास प्रमाणित/राहदानी) र हालसालै खिचिएको फोटो २ प्रति । ३) विदेशी नागरिकता नलिने वा परित्याग गर्ने कारवाही चलाएको प्रमाण (हुलाक भर्पाइ, दुतावासको पत्र आदि)। ४) सनाखत गर्ने पति र निजको नेपाली नागरिकता प्र.प. । पतिको मृत्यु भैसकेमा मृत्यु दर्ता साथै पति संगको नाता खुल्ने ३ पुस्ताभित्रका व्यक्तिको नाता प्रमाणित सहित नागरिकता राखी सनाखत गर्नुपर्ने। ५) भारत बाहेक मुलुकको हकमा निवेदकले हाल सम्मको अवधिभर मान्य रहने गरी नेपालको भिसा लिएको हुनुपर्ने ।	निवेदनमा रु.१०/-को टिकट	प्रमाण पूरा भएकै दिन	नागरिकता फाँट कोठा नं.१८ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत/स.प्र.जि.अ .	प्र.जि.अ.	
१०	अङ्गीकृत नागरिकता लिनु अघि जन्मिएका	१) फोटो समेत प्रमाणित गरी सम्बन्धित गा.पा./न.पा.बाट सिफारिश गरिएको अनुसूची–७ फाराम ।		सोही दिन निवेदकको तीन पुस्ते खुलाई			

सि न	सेवा सुविधाहरुको विवरण	कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु	लाग्ने शुल्क	लाग्ने समय	फाँट, कोठा नं. र जिम्मेवार कर्मचारी	गुनासो सुन्ने अधिकारी	कैफियत
	सन्तानलाई अङ्गीकृत नागरिकता	२) बाबु वा आमाले नेपाली नागरिकताको प्रमाणपत्र पेश गरी सनाखत गर्नुपर्ने। ३) निवेदकको नाता प्रमाणित पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, जन्मदर्ता वा जन्ममिति र जन्म स्थान खुल्ने सम्बन्धित गा.पा./न.पा.बाट किटानी सिफारिश ४) नेपालमा बसोबास गरिरहेको व्यहोरा खुल्ने सम्बन्धित गा.पा./न.पा.बाट किटानी सिफारिस ५) नेपालमा स्थायी बसोबास गरी काम गरेको भए सोको प्रमाण । ६) आवश्यकता अनुसार सम्बन्धित गा.पा./न.पा. लगायत अन्य प्रमाण बुझ्न सकिने ।		सूचना सार्वजनिक गरिने र सात दिनभित्रमा निर्णय दिइने ।			
१ १	विदेशी नागरिक संग विवाह गरेकी नेपाली महिलाबाट जन्मिएका सन्तानको नागरिकताको सिफारिश	१) फोटो समेत प्रमाणित गरी सम्बन्धित गा.पा./न.पा.बाट सिफारिश गरिएको अनुसूची–७ फाराम । २) आमाको नेपाली नागरिकता ३) नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय निकायको सिफारिसपत्र ४) बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता नलिएको निस्सा, ५) आवश्यकता अनुसार सम्बन्धित गा.पा./न.पा. लगायत अन्य प्रमाण बुझी गृह मन्त्रालयमा पठाइने ।					
१ २	नागरिकता परित्यागको जानकारी	१) सक्कल नागरिकता प्रमाणपत्र, सक्कल राहदानी २) रितपुर्वक भरेको अनुसूची–९ फाराम (फोटो सहित)		प्रमाण पूरा भएकै दिन	नागरिकता फाँट कोठा नं.१८	स.प्र.जि.अ./ प्र.जि.अ.	

प्रशासकिय अधिकृत

सि न	सेवा सुविधाहरुको विवरण	कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु	लाग्ने शुल्क	लाग्ने समय	फाँट, कोठा नं. र जिम्मेवार कर्मचारी	गुनासो सुन्ने अधिकारी	कैफियत
		३) विदेशी राष्ट्रबाट प्राप्त गरेको नागरिकता तथा राहदानी वा प्राप्त हुने अग्रिम जानकारी प्रत्र (No Objection Letter)		प्रकृया सुरु गरिने	फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत/स.प्र.जि.अ .		
१३	पुनः नेपाली नागरिकता कायम गर्न	१) नेपालको नागरिकता त्यागेको व्यक्तिले विदेशको नागरिकता त्यागी पुनः नेपालकै नागरिक हुन चाहेमा पहिले जुन जिल्लाबाट नागरिकता प्रमाणपत्र लिएको हो सोही जिल्लामा अनुसूची–११ बमोजिमको ढाँचामा निवेदन पेश गर्ने । २) नागरिकता त्याग गर्नु अगाडि लिएको नेपाली नागरिकताको फोटोकपी । सो नभएमा नागरिकता लिएको मिति र नागरिकता त्याग गरेको मिति खुलाउने । ३) विदेशको नागरिकता त्यागेको निस्सा । ४) विदेशको राहदानीमा नेपाल आएकोमा भिसा नियमितको प्रमाण । ५) आवश्यकता अनुसार सम्बन्धित गा.पा./न.पा. लगायत अन्य प्रमाण बुझ्न सकिने।		प्रमाण पूरा भएकै दिन प्रकृया सुरु गरिने	नागरिकता फाँट कोठा नं.१८ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत/स.प्र.जि.अ .	स.प्र.जि.अ./ प्र.जि.अ.	

प्रतिलिपि नागरिकता शाखाबाट प्रदान हुने सेवा

महत्वपूर्ण जानकारी

- सेवाग्राहीले निवेदन र फारम बाहेक आवश्यक कागजातका छाँयाप्रति पेश गर्नुपर्ने छ र Verify गर्ने प्रयोजनका लागि ती कागजातका सक्कल लिइ आउनुपर्ने छ।
- आवश्यक कागजातका छाँयाप्रति पेश गर्नुपर्ने र Verify गर्ने प्रयोजनका लागि सबै कागजातका सक्कल लिइ आउनुपर्ने छ।
- नागरिकता कार्डमा कुनै व्यहोरा अन्यथा प्रिन्ट भएको भए ७ दिन भित्र उक्त कार्ड फिर्ता गरी अभिलेख अनुसार कायम गराउन सकिने छ। म्याद पछाडी संशोधन प्रतिलिपि फारम सिफारिश गरी आउनुपर्ने छ।

➢ आवश्यकता अनुसार अन्य जिल्लाको नागरिकताको अभिलेख यसै कार्यालयको CMIS प्रणालीमा हेरिने वा इमेल वा फ्याक्स मार्फत झिकाइनेछ।

सिन	सेवा सुविधाहरुको विवरण	कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु	लाग्ने शुल्क	लाग्ने समय	फाँट, कोठा नं. र जिम्मेवार कर्मचारी	गुनासो सुन्ने अधिकारी	कैफियत
१	यस जिल्लाबाट जारी भएको ना.प्र.को प्रतिलिपि लिन	१) फोटो समेत प्रमाणित गरीएको अनुसूची–२ फाराम (ना.प्र.नं. र जारी मिति खुलाउनु पर्ने), २) पुरानो सक्कल नागरिकता, सो नभए प्रतिलिपि वा नागरिकता नम्बर खुल्ने अन्य प्रमाणपत्र । ३) हालसालै खिचिएको फोटो २ प्रति ।	निवेदनमा रु.१३/- को टिकट	प्रमाण पूरा भएकै दिन	प्रतिलिपि फाँट कोठा नं.७ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./प्र.जि.अ.	
२	अन्य जिल्लावाट बसाइसराइ गरी आएको हकमा प्रतिलिपि	सि.नं १ को अतिरिक्त थप कागजात १) बसाई सराई प्रमाणपत्र, जग्गाधनी प्रमाण पूर्जा, २) स्थायी वसोबासवा घर सम्पन्न वा निर्माण स्वीकृति, ३) बिजुली वा धारा पानीको बिल वा मतदाता परिचयपत्र । ४) निवेदकको नागरिकता प्र.प. को अभिलेख कार्यालयको तर्फबाट झिकाइनेछ ।	निवेदनमा रु.१३/- को टिकट	प्रमाण पूरा भएकै दिन	प्रतिलिपि फाँट कोठा नं.७ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./प्र.जि.अ.	
४	नागरिकताको विवरण संशोधन गरी प्रतिलिपि लिन	सि.नं १ को अतिरिक्त थप कागजात १) सच्चाउनुपर्ने व्यहोरा खुलेको निवेदन २) विवरण पुष्टि गर्ने/ तथ्य प्रमाणित गर्ने सार्थक आधारहरु • उमेरको हकमा:– शैक्षिक प्रमाणपत्र,नोकरीको अभिलेख वा पेन्सनपट्टा. • वतनको हकमा:– वसाइसराईवा स्थानीय तहको प्रमाणित कागज ।	निवेदनमा रु.१३/- को टिकट	प्रमाण पूरा भएकै दिन	प्रतिलिपि फाँट कोठा नं.७ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./प्र.जि.अ.	

सिन	सेवा सुविधाहरुको विवरण	कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु	लाग्ने शुल्क	लाग्ने समय	फाँट, कोठा नं. र जिम्मेवार कर्मचारी	गुनासो सुन्ने अधिकारी	कैफियत
		• नामथरको Spelling को हकमाः– शैक्षिक प्रमाणपत्र, बाबु, आमा वा तीन पुस्ताभित्रको व्यक्तिको सनाखत, शैक्षिक संस्थाको फोटो सहितको प्रमाणित पत्र । ३) हिनतावोधको कारणले थर संशोधन गर्नुपर्ने भए स्थानीय तहबाट सो को सिफारिश ।					
५	पतिको नाम राखी प्रतिलिपी लिन	सि.नं १ को अतिरिक्त थप कागजात १) पतिको नाम राखीपाँउ भन्ने निवेदन । २) निवेदकको सक्कल नागरिकता प्र.प., विवाहदर्ता प्रमाणपत्र, पतिको नागरिकता ३) सनाखत गर्ने पति, पतिको मृत्यु भैसकेमा मृत्यु दर्ता साथै पति संगको नाता खुल्ने ३ पुस्ताभित्रका व्यक्तिको नाता प्रमाणित सहित नागरिकता राखी सनाखत गर्नुपर्ने ।	निवेदनमा रु.१३/- को टिकट	प्रमाण पूरा भएकै दिन	प्रतिलिपि फाँट कोठा नं.७ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./प्र.जि.अ.	
६	पतिको नाम हटाइ प्रतिलिपि लिन ।	सि.नं १ को अतिरिक्त थप कागजात १) पतिको नाम हटाइपाँउ भन्ने निवेदन २) सम्बन्ध विच्छेदको फैसला र सम्बन्ध विच्छेद दर्ता प्र.प. । ३) माइति तर्फका बावु आमा वा दाजु भाइले नागरिकता सहित सनाखत गर्नुपर्ने।	निवेदनमा रु.१३/- को टिकट	प्रमाण पूरा भएकै दिन	प्रतिलिपि फाँट कोठा नं.७ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./प्र.जि.अ.	
७	पूर्व पतिको नाम हटाई हालको पतिको नाम कायम गर्न	सि.नं १ को अतिरिक्त थप कागजात १) पूर्व पतिको नाम हटाइ हालको पतिको नाम कायम गरीपाँउ भन्ने निवेदन। २) पुर्व पति संगको सम्बन्ध समाप्त भएको देखिने प्रमाण र हालको पति संगको विवाह दर्ता।	निवेदनमा रु.१३/- को टिकट	प्रमाण पूरा भएकै दिन	प्रतिलिपि फाँट कोठा नं.७ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./प्र.जि.अ.	

सिन	सेवा सुविधाहरुको विवरण	कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु	लाग्ने शुल्क	लाग्ने समय	फाँट, कोठा नं. र जिम्मेवार कर्मचारी	गुनासो सुन्ने अधिकारी	कैफियत
		३) सनाखत गर्ने पति र निजको नेपाली नागरिकता प्र.प.। पतिको मृत्यु भैसकेकोमा मृत्यु दर्ता साथै पति संगको नाता खुल्ने ३ पुस्ताभित्रका व्यक्तिको नाता प्रमाणित सहित नागरिकता राखी सनाखत गर्नुपर्ने।					
३	अभिलेख झुत्रो भएको/ फेला नपरेको/नष्ट भएको हकमा	१) पुरानो सक्कल नागरिकता प्रमाणपत्र भए सोही आधारमा अभिलेख कायम गरी प्रतिलिपी जारी हुने। २) अन्यथा अनुसूची-१ बमोजिमको फाराम भरी स्थानीय निकायको सिफारिस सहित नयाँ नागरिकता प्र.प. लिए सरहको कागजात र प्रकृया पूरा गर्नु पर्ने।	निवेदनमा रु.१३/- को टिकट	प्रमाण पूरा भएकै दिन	प्रतिलिपि फाँट कोठा नं.७ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./प्र.जि.अ.	

राहदानी शाखाबाट प्रदान हुने सेवा

महत्वपूर्ण जानकारी

- आवश्यकता अनुसार अन्य जिल्लाको नागरिकताको अभिलेख यसै कार्यालयको CMIS प्रणालीमा हेरिने वा इमेल वा फ्याक्स मार्फत झिकाइनेछ।
- आवश्यक कागजातका छाँयाप्रति पेश गर्नुपर्ने र Verify गर्ने प्रयोजनका लागि सबै कागजातका सक्कल लिइ आउनुपर्ने।
- राहदानीमा भएको विवरण संशोधन गर्नः MRP मा संशोधन नहुने भएकोले संशोधन गर्नुपरे नयाँ राहदानी बनाउने प्रकृया बमोजिम फेरी निवेदन पेश गर्ने ।
- नेपालबाट MRP एक पटक बनाइसके पछि पुन सिफारिस गर्न नपर्ने तर विदेश नियोगबाट MRP बनाएमा पुनः सिफारिस गर्ने।

सिन	सेवा सुविधाहरुको विवरण	कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु	लाग्ने शुल्क	लाग्ने समय	फाँट, कोठा नं. र जिम्मेवार कर्मचारी	गुनासो सुन्ने अधिकारी	कैफियत
१	साधारण राहदानी	यसै जिल्लाको नागरिकताको हकमा १) अनलाइन भरेको फाराम। २) अभिलेख रुजु गरेको नेपाली नागरिकता प्र.प. पत्रको प्रतिलिपि	राहदानीको लागि रु. ५,०००।-	२५ दिन भित्र	राहदानी फाँट कोठा नं. १३	स.प्र.जि.अ./प्र.जि.अ.	

		३) नावालकको हकमा नावालक परिचय पत्र १ प्रति, अभिभावकको नागरिकता/ नागरिकतावाट नाता नखुलेको भए नाता प्रमाणित । ४) च्यातीएको वा भिजे राहदानीको सम्बन्धमा सो च्यातिएको वा भिजेको सक्कल राहदानी समेत पेश गरी कारण सहितको दिनु पर्ने ५) हराएको राहदानी भएमा पुरानो राहदानी नम्बर देखिने फोटोकपि वा राहदानी विभागवाट प्रमाणित गराई ल्याउनुपर्ने छ । बसाई सराई गरी आएकाको हकमा थप १) बसाई सराई प्रमाणपत्र, जग्गाधनी प्रमाण पूर्जा, २) स्थायी बसोबासवा घर सम्पन्न वा निर्माण स्वीकृति, ३) बिजुली वा धारा पानीको बिल वा मतदाता परिचयपत्र । विवाह भै आएका महिलाको हकमा थपः पतिको नागरिकताको प्रतिलिपि, विवाह दर्ता प्रमाण पत्र । कर्मचारी परिवारको हकमा थपः कार्यरत कार्यालयको सिफारिस पत्र	१० वर्ष उमेर नपुगेकालाई रु. २५००।— (५ वर्षको म्याद भएको) हराएको, च्यातिएको, केरमेट भइ पुनः वनाउदा रु. १०,०००।–		फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत		
२	द्रुत सेवाबाट राहदानी सिफारिस	१) द्रुत सेवाका लागि यस कार्यालयबाट नागरिकताको अभिलेख प्रमाणित गरि राहदानी विभागमा बुझाउन सम्बन्धित व्यक्तिलाइ दिइने । २) तोकिएको ढाँचामा निवेदन र २ प्रति राहदानी फाराम पेश गर्नुपर्ने । ३) वसाइ सराइ, विवाह र कर्मचारी परिवारको हकमा माथि उल्लेखित कागजातहरु पेश गर्नुपर्ने।	रु १० को टिकट	प्रमाण पूरा भएकै दिन	राहदानी फाँट कोठा नं. १३ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./प्र.जि.अ	

स्थानीय प्रशासन शाखाबाट प्रदान हुने सेवा

महत्वपूर्ण जानकारी

- आवश्यक कागजातका छाँयाप्रति पेश गर्नुपर्ने र Verify गर्ने प्रयोजनका लागि सबै कागजातका सक्कल लिइ आउनुपर्ने ।

प्रशासकीय अधिकृत

सिन	सेवा सुविधाहरुको विवरण	कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु	लाग्ने शुल्क	लाग्ने समय	फाँट, कोठा नं. र जिम्मेवार कर्मचारी	गुनासो सुन्ने अधिकारी	कैफियत
१	नाबालक परिचयपत्र (१६ वर्ष भन्दा कम)	१) गा.पा/न.पा. को सिफारिश (जन्ममिति खुलाई फोटो सहित प्रमाणित गरीएको) । २) बाबुआमाको/संरक्षक व्यक्तिको निवेदन नागरिकता प्र.प. र नाता प्रमाणितर जन्मदर्ता । ३) आमाको नागरिकतामा बाबुको नाम नभएमा विवाहदर्ता प्रमाणपत्र । ४) विदेशमा जन्म भएकालाई सो को प्रमाण र सम्बन्धित क्याम्पको पत्र । ५) धर्मपुत्र/धर्मपुत्री वा संरक्षित नाबालकका हकमा बाबुआमाको महलमा जन्मदिने बाबुआमाकै नाम राखिने हुँदा बाबुआमाको नागरिकता प्र.प. प. र संरक्षकको महलमा अदालतद्धारा धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्ने प्राप्त अनुमती र नागरिकता प्र.प.प. बसाई सराई गरी आएको हकमा थप १) बसाई सराई प्रमाण पत्र, जग्गाधनी प्रमाण पूर्जा, स्थायी बसोबासवा घर सम्पन्न/निर्माण स्वीकृति, बिजुली/धारा पानीको बिल/मतदाता परिचयपत्र । २) थप बुझ्नु पर्ने भएमा स्थानीय निकायको मुचुल्का वा प्रहरी सर्जमिन वा दुवै ।	निवेदनमा रु.१०/- को टिकट	प्रमाण पूरा भएकै दिन	प्रशासन फाँट कोठा नं.१५ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./प्र.जि.अ	
२	जनजाति प्रमाणित	१) सम्बन्धित व्यक्तिबाट निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि २) सम्बन्धित स्थानीय तहको सिफारिश ३) अन्य जिल्लाबाट विवाह भई आएको भए विवाहदर्ताको प्रतिलिपि र पतिको नागरिकताको प्रतिलिपि समेत ।	निवेदनमा रु.१०/- को टिकट	प्रमाण पूरा भएकै दिन	प्रशासन फाँट कोठा नं.१५ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./प्र.जि.अ	

प्रशासकिय अधिकृत

सिन	सेवा सुविधाहरुको विवरण	कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु	लाग्ने शुल्क	लाग्ने समय	फाँट, कोठा नं. र जिम्मेवार कर्मचारी	गुनासो सुन्ने अधिकारी	कैफियत
३	संघ संस्था दर्ता सम्बन्धी कार्य	<u>संघ संस्था दर्ता</u> १. तोकिएको ढाँचाको विवरण भरी कम्तिमा ७ जना सदस्य रहेको तदर्थ समितिका सदस्यहरुको हस्ताक्षर भएको निवेदन । २. A4 साइजको कागजमा एकापट्टी मात्र टाइप गरी प्रबन्ध समितिका सबै सदस्यको प्रत्येक पानामा तलमाथि हस्ताक्षर भएको विधान ३ प्रति र ३. कार्यसमितिका पदाधिकारीहरुको नागरिकता प्र.प.को प्रतिलिपि र फोटो १।१ प्रति । ४. प्रहरी प्रतिवेदन (प्रबन्ध समितिका पदाधिकारीहरुको बारेमा) । ५. संस्थाको कार्यालय रहने घरको धरधनी संग गरिएको करारपत्र र लालपुर्जाको प्रतिलिपि । ६. संस्था दर्ता गर्ने सम्बन्धमा बसेको संस्थाका प्रबन्ध समितिका सदस्यहरुको बैठकको माइन्यूट। ७. संस्थाको कार्यालय रहने स्थानीय तहको सिफारिश ।	निवेदनमा रु.१०/- को टिकट र दर्ता शुल्क रु. १०००।—	प्रमाण पूरा भएकै दिन सबै सदस्यहरुको सनाखत गरी प्रहरी प्रतिवेदनको लागि प्रहरीमा पठाउने र प्रहरी रिपोर्ट आएपछि संस्था दर्ता गरिने ।	प्रशासन फाँट कोठा नं.१५ फाँटवाला ना.सु. र प्रशासकीय अधिकृत	स.प्र.जि.अ./प्र.जि.अ.	
